नगर शिक्षा योजना

आ.व. २०७८/०७९ देखि २०८७/०८८ सम्म



भूमिकास्थान नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

नुवाकोट, अर्घाखाँची

भूमिकास्थान नगरपालिकाको शिक्षा योजना

आ.व. २०७८।०७९-२०८७।०८८

१.१ पृष्ठभूमिः

नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिएको छ । नागरिकको सबैभन्दा नजिकको सरकारका हैसियतले आफ्नो क्षेत्राधिकार भित्र गुणस्तरीय शिक्षा प्रदान गर्नु स्थानीय तहको कर्तव्य हुन आउछ । स्थानीय तहबाट नागरिकहरुले आफ्ना बालबालिकाका लागि गुणस्तरीय विद्यालय शिक्षा र सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरुको अपेक्षा राख्नु स्वभाविकै हो । शिक्षाले व्यक्तिको व्यवहारमा परिवर्तन, रोजगारी र आय आर्जनका अवसरहरु सिर्जना गर्दै जीवनस्तरमा सुधार ल्याउनुका साथै सामाजिक र साँस्कृतिक विकास मार्फत सभ्य समाजको निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने गर्दछ । तसर्थ शिक्षालाई गुणस्तरीय, सर्वशुलभ, जीवन उपयोगी, व्यवहारिक र वैज्ञानिक बनाउन प्राथमिकता साथ लगानी गर्नु जरुरी हुन आउछ । शिक्षामा गरिने लगानीले देशको समग्र विकासलाई नै गतिवान बनाएको पाइन्छ ।

युनेस्कोद्वारा प्रकाशित EFA Global Monitoring Report 2013/ ले सबैका लागि शिक्षाको लक्ष्य हासिल गर्ने हो भने सन् २०१५ पछि सबै राष्ट्रहरुले कुल राष्ट्रिय उत्पादनको ६ प्रतिशत र वार्षिक बजेटको २० प्रतिशत शिक्षामा खर्च गर्नुपर्ने सुझाव दिएको छ । सोही प्रतिवेदनमा कुल राष्ट्रिय उत्पादनको १.८ प्रतिशत बराबरको लगानी सिकाइ सुधारमा लगाउने हो भने प्रतिव्यक्ति आयमा वार्षिक १ प्रतिशतले बृद्धि हुने तथ्य पनि उल्लेख गरिएको छ । यिनै कुराहरुलाई मध्यनजर गर्दै भूमिकास्थान नगरपालिकाले नगरक्षेत्र भित्र योजनाबद्ध रुपमा शिक्षाको विकास गर्ने उद्देश्यले नगर शिक्षा योजना तर्जुमा गरेको छ । यस योजनामा प्रारम्भिक बालविकास शिक्षा देखि माध्यमिक तह सम्मको विद्यालय शिक्षालाई व्यवस्थित गरेर सबै बालबालिकाको शिक्षामा पहुँच पु-याई गुणस्तरीय शिक्षा प्रदान गर्नुका साथै

सीपमुलक, रोजगारमुलक, व्यवसायिक एवम् प्रविधिमुलक बनाउन कार्यक्रमहरु तय हुनु जरुरी हुन आउँछ । शिक्षा निरन्तर चलिरहने प्रकृया भएकोले औपचारिक शिक्षाको अवसरबाट बन्चित सबैलाई जिवनपर्यान्त सिकाइको वातावरणको निर्माणका लागि पनि यस योजनामा बनाउनु जरुरी हुन आउछ । यसमा प्रस्ताव गरिएका सबै कार्यक्रमहरु यस नगर क्षेत्र भित्रका नागरिकहरुको सरोकारका विषयवस्तु भएकाले सबैले प्रत्यक्ष तथा परोक्ष रुपमा संलग्नता, सहभागिता र सहयोगमा कार्यक्रम संचालन गर्ने गरी योजना निर्माण गरिएको छ ।

योजना भविश्यमा गरिने कामहरुको अनुमान भएकोले तथ्यहरुमा आधारित भएर गरिने क्रियाकलापहरु र त्यसमा लाग्ने खर्चको अनुमान गरिएको हुन्छ। यस्तो योजनालाई कार्यरुपमा परिणत गर्नको लागि सम्बन्धित जिम्मेवार निकायहरुको लगनशिलता महत्वपूर्ण हुन्छ । योजनामा प्रस्ताव गरिएका रणनीतिहरु र क्रियालापलाई समयमै कार्यान्वयन गर्न सके अपेक्षित उपलब्धिहरु हासिल हुन्छ । हाल विभिन्न कोणबाट आलोचित भइरहेको सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तरीय बनाई यसप्रति अभिभावकहरुको आकर्षण बढाउनु आजको आवश्यकता हो । नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेको विद्यालय शिक्षाको यो जिम्मेवारी पुरा गर्ने काममा सबैको सहयोग भए विद्यालय शिक्षालाई सर्वसुलभ, गुणस्तरीय र निशुल्क बनाउने लक्ष्य पुरा गर्न सकिने आशा गर्न सकिन्छ। यस नगरपालिकाको जनसंख्या लगायत अन्य विवरण अनुसूची ....मा उल्लेख गरिएको छ ।

कानुनी व्यवस्था : नेपालको संघीय लोकतान्त्रिक संविधानमा शिक्षा सम्बन्धी मौलिक हक, राज्यको निर्देशक सिद्धान्त तथा राज्यका नीतिहरु र प्राथमिकताका क्षेत्रहरुमा उचित व्यवस्था गरिएको छ । नेपालको संविधानको भाग ३ को मौलिक हक र कर्तव्य सम्बन्धि धारा ३१ मा शिक्षा सम्बन्धी ५ वटा मौलिक हकको सुनिश्चितता गरिएको छ ।

मौलिक हकहरु निम्न छन् :–

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

२. प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तह सम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ ।

३. अपाङ्ग भएका र आर्थिक रुपले बिपन्न नागरिकलाई कानून बमोजिम नि:शुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

४. दृष्टिबिहिन नागरिकलाई ब्रेल लिपी तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धि अपाङ्ग भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुनेछ ।

५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्न र सञ्चालन गर्ने हक हुनेछ ।

यसै गरी धारा ३८ मा महिलाको हकसम्बन्धि उपधारा (५), धारा ३९ मा बालबालिकाको हक सम्बन्धि उपधारा (२), (३) (७) र (९), दलितको हक सम्बन्धी धारा (४०) उपधारा (२) मा, सामाजिक न्यायको हक सम्बन्धि धारा ४२ को उपधारा २ र उपधारा ५ मा शिक्षा सम्बन्धि विशेष व्यवस्था गरिएको छ ।

संबिधानको भाग ४ मा राज्यको निर्देशक सिद्धान्त नीति तथा दायित्व सम्बन्धी धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिहरुमा शिक्षा सम्बन्धी ४ वटा प्रमुख नीतिहरुलाई प्राथमिकताबम साथ उल्लेख गरिएको छ ।

नेपालको संविधानको राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लेखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग संविधान र नगर वा गाउँसभाले बनाएको कानून बमोजिम

हुनेछ भन्ने व्यवस्था गरिएको छ । संविधानको अनुसूची ५, ६, ७ , ८ र ९ मा अन्य संवैधानिक निकायहरुका साथै शिक्षासँग सम्बन्धित अधिकार र राज्य शक्तिको बाँडफाँडको व्यवस्था संघ प्रदेश र स्थानीय सरकारलाई गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (ज) ११ मा स्थानीय सरकारालाई माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन एवं सञ्चालनको अधिकार प्रदान गरिएको छ ।

यसैगरी दिगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य ४ मा **"समावेशी तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइका अवसरहरु प्रदान गर्ने"** भनी लक्ष्य प्राप्तिका लागि मार्गदर्शकको रुपमा अगाडि सारिएको छ । यी ऐन कानून, नियम तथा दिगो बिकासका लक्ष्यहरुलाई मध्येनजर गर्दै भूमिकास्थान नगरपालिकाले शिक्षा रणनीतिक योजना तर्जुमा गरिएको हो ।

१.२ परिचय

भूमिकास्थान नगरपालिका लुम्बिनी प्रदेश अन्तर्गत मध्य पहाडी क्षेत्रमा अबस्थित अर्घाखाँची जिल्लाको सदरमुकाम सन्धिखर्क देखि पश्चिम भागमा अवस्थित सुन्दर नगर हो । देश संघीय संरचनामा गईसकेपछि अर्घाखाँची जिल्लामा साविकका ढाकावाङ्ग, धारापानी, असुरकोट, खिल्जी, नुवाकोट, ढिकुरा र धनचौर गा.वि.स.हरुलाई समेटेर भूमिकास्थान नगरपालिका बनाइएको हो । यस नगरपालिकाको कुल क्षेत्रफल १५९.१३ वर्ग कि.मि. रहेको छ । यहाँको कुल जनसंख्या जम्मा ३२,६४० रहेको छ जस मध्ये पुरुषको संख्या १३,९३५ छ भने महिलाको संख्या १८७०५ रहेको छ । (स्रोतः नगर प्रोफाइल –२०७५) यस नगरपालिकाको केन्द्र साविकको नुवाकोट गा.वि.स.को कार्यालय रहेको छ । यस नगरपालिकामा १० वटा वडा रहेका छन् यस नगरपालिकाको पूर्वमा सन्धिखर्क नगरपालिका, पश्चिममा प्यूठान जिल्ला, उत्तरमा मालारानी गाउँपालिका र दक्षिणमा सितगंगा नगरपालिका पर्दछन । लुम्बिनी प्रदेशमा

अवस्थित यो नगरपालिका पर्यटकीय हिसावले प्रसस्त सम्भावना बोकेको स्थानीय तह मानिन्छ ।

जैविक विविधताले भरिपूर्ण यो नगरपालिका समुन्द्र सतहबाट न्यूनतम १०१२ मिटर उचाई देखि २५१५ मिटर सम्म फैलएको छ । पहाडी भागमा अवस्थित भएको हुनाले हिउँदमा सामान्य जाडो र गर्मीयाममा सामान्य गर्मी हुनु यहाँको विशेषता हो । यस नगरपालिकाको मुख्य नदिका रुपमा झिमरुक खोला रहेको छ भने खाकावेशी, छापे, लम्ची, छिर्लिङ्ग खोलाहरु यहाँका साना खोलाहरु हुन । सेग्लेङ्ग दह, मसिनाको लेक, दुर्वाङ्ग फाँट यस जिल्लाकै प्रसिद्ध तथा विशेष पहिचान भएका स्थानहरु हुन ।

यहाँ हिन्दु धर्म मान्ने मानिसहरुको बाहुल्यता रहेको छ । दशै, तिहार, तिज, महाशिवरात्री, सागने सक्रान्ती, माघे सक्रान्ती, जनै पूर्णिमा आदि यहाँका मुख्य चाडपर्वहरु हुन । यहाँ मुख्यतयः ब्राह्मण, क्षेत्री, नेवार, मगर, दलित, गुरुङ्ग आदि जाजजातिहरु बसोवास गर्ने गर्छन ।

यस नगरपालिकामा सामुदायिक ६२ र संस्थागत ४ गरी कुल ६६ विद्यालय रहेका छन भने २ वटा सामुदायिक सिकाइ केन्द्र समेत रहेका छन । आधारभूत तह (१-५) मा १७९ दरवन्दी र राहत ४५ गरी जम्मा २२४ शिक्षक दरवन्दी रहेको छ । त्यसैगरी आधारभूत तह (६-८) मा २६ दरवन्दी र २८ राहत सहित जम्मा ५४ दरवन्दीका साथै माध्यमिक तह (९-१०) मा २७ दरवन्दी र १० राहत गरी जम्मा ३७ दरवन्दी रहेको छ भने माध्यमिक तह (११-१२) मा १० दरवन्दी सहित कुल जम्मा ३२५ दरवन्दी रहेको छ ।

पालिकाको शैक्षिक तथ्यांक २०७७ लाई हेर्दा यस नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुको प्रारम्भिक बालशिक्षामा ४६३ छात्रा र ५३८ छात्र सहित जम्मा १००१ विद्यार्थी रहेका छन् । आधारभूत तह (१-५) मा १६७५ छात्रा र १८१३ छात्र गरी जम्मा ३४८८, त्यसैगरी आधारभूत तह (६-८) अन्तर्गत छात्रा १०८८ र छात्र ९९७ गरी जम्मा

२०८५, माध्यमिक तह (९-१०) मा छात्रा ६०६ र छात्र ५०६ गरी जम्मा १११२ जना विद्यार्थी रहेका छन् । साथै माध्यमिक तह (११-१२) मा छात्रा ३०९ र छात्र २१४ गरी कुल ५२३ विद्यार्थी रहेका छन् । शैक्षिक सत्र २०७७ को जम्मा छात्रा विद्यार्थी ४१४१ र छात्र ४०६८ गरी कुल ८२०९ विद्यार्थी रहेको पाइन्छ ।

यस नगरपालिकामा सामुदायिक ६२ र संस्थागत ४ गरी कुल ६६ विद्यालय रहेका छन भने २ वटा सामुदायिक सिकाइ केन्द्र समेत रहेका छन ।

१.३ मुख्य समस्याहरुः

- शैक्षिक उपलब्धी न्यून हुनु,
- विद्यार्थीहरु नियमित रुपमा विद्यालय उपस्थित नहुनु,
- स्थानीय तहको आफ्नै आय स्रोत कम हुनु,
- संघिय बजेटको निश्चित सिमा हुनु र समयमै बजेट प्राप्त नहुनु,
- विशेष तथा लक्षित समुहका बालबालिबाहरुको पहँच सुनिश्चितता गर्न नसकिनु,
- बालमैत्री विद्यालय पूर्वाधारको विकास गर्न नसकिनु ।
- समयमै बजेट खर्च गर्न नसक्नु ।
- कक्षागत, तहगत र विषयगत रुपमा शिक्षक व्यवस्थापन गर्न नसकिनु,
- स्थानीय आवश्यकता र माग अनुसार जनशक्ति उपलब्ध नहुनु,
- कक्षा कोठाको शिक्षण सिकाइमा सुधार नहुनु,
- उत्पादित जनशक्तिले योग्यता अनुसारको रोजगारी प्राप्त गर्न नसक्नु ,
- शिक्षा क्षेत्रको सबै तहमा सुशासनको प्रत्याभूति गर्न नसकिनु,
- प्राविधिक शिक्षालाई शिक्षाको मुल धारमा समाहित गर्न नसकिनु

१.४ चुनौतीः

- सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिवृद्धि गर्नु,
- संविधानले व्यवस्था गरे अनुरुप माध्यमिक शिक्षा (कक्षा ११-१२) निशुल्क प्रदान गर्नु ।
- स्थानीय आवश्यकता र माटो सुहाउँदो जनशक्ति उत्पादन गर्नु ।
- प्रतिभा पलायनको समस्यालाई कम गर्नु ।
- विद्यालय बाहिर रहेका सबै प्रकारका बालबालिकालाई विद्यालय शिक्षाको मुल धारमा ल्याउनु र टिकाउनु ।
- संकटकालिन परिस्थितिमा वैकल्पिक माध्यमबाट सबै विद्यार्थीहरुको सिकाइलाइ निरन्तरता दिनु,
- कक्षागत र विषयगत रुपमा शिक्षक व्यवस्थापन गर्नु ।

१.५ अवसरः

- शैक्षिक विकेन्द्रीकरणको सिद्धान्त/अवधारणालाई कार्यान्वयन गर्नु ।
- जनप्रतिनिधीहरुसगै बसेर योजना निर्माण र कार्यान्वयन गर्नु ।
- स्थानीय तहलाई सबल र सक्षम बनाउनु ।
- स्थानीय आवश्यकता अनुसार योजना निर्माण गरी बजेट बाडँफाड गर्नु ।
- मौजुदा दरवन्दीको आधारमा दरवन्दी मिलान गर्नु ।
- नेपालको संविधान २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहलाई सुम्पेको अधिकारलाई कार्यान्वयन गर्नु ।

परिच्छेद २ लक्ष्य निर्धारण

२.१ दुरदृष्टि

'शिक्षामा सबैको पहुँच र समावेशिता सुनिश्चता गरी गुणस्तरीय शिक्षा प्रर्वद्धन गर्नु'।

२.२ लक्ष्य

आगामी दश वर्षभित्र नगरवासीलाई शिक्षामा पहुँचको अवसर प्रदान गरी समावेशीताका आधारमा गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

२.३ उद्देश्य

१) शिक्षामा सबैको समतामूलक पहुँच पू-याउने ।

२) सिकाइमैत्री वातावरण निर्माण गरी व्यवसायिक, सिपमूलक र प्रविधिमूलक शिक्षामा जोड दिने ।

३) बालमैत्री वातावरण तयार गरी सबै बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

४) शिक्षाको माध्यमबाट स्थानीय परिवेश, कला, धर्म, संस्कृतीको जगेर्ना गरि पालिकाको पहिचान कायम गर्ने ।

५) शैक्षिक सुशासन प्रवर्धन गर्ने ।

२.४ रणनीति

१.अनिवार्य तथा निशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न सबै बालबालिकालाई विद्यालय भर्ना गर्ने । (उद्देश्य १)

२.विद्यार्थी भर्ना अभियान कार्यक्रमलाई प्रभाकारी रुपमा सञ्चालन गरी आ–आफ्नो सेवा क्षेत्रका विद्यार्थी भर्ना सुनिश्चित भएको घोषणा गरी वडास्तरको समितिबाट प्रमाणित गराई नगरपालिकामा पेश गर्ने । (उद्देश्य १)

३.गुणस्तरीय आधारभूत र माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चितता गर्न अनौपचारिक, बैकल्पिक तथा खुला शिक्षा पद्धतीको समेत अवलम्वन गर्ने । (उद्देश्य १)

४.अपाङ्गता भएका बालबालिकाको प्रकृति र स्तर अनुसार आवश्यक पर्ने सामग्रीहरुको व्यवस्था गर्ने । (उद्देश्य १)

५.शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई जोड दिदै व्यवसायिक, सिपमूलक प्रविधिमूलक शिक्षाको विस्तार गर्ने । (उद्देश्य २)

६.स्थानीय परम्परागत मौलिक सिप र प्रविधिलाई स्थानीय पाठ्यक्रममा समावेश गर्दै व्यवसायिक, सिपमूलक र प्रविधिमूलक शिक्षाको प्रर्वद्धन गर्ने । (उद्देश्य २)

७.भौतिक पूर्वाधार, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङकन पद्धतीलाई समावेशी एवम अपाङ्गमैत्री बनाउने । (उद्देश्य ३)

८.अपाङ्गता भएका बालबालिकाहरुको आवश्यकता र संविधानमा प्रदत्त समावेशी सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाको माध्यमबाट गुणस्तरीय शिक्षाको प्रवद्र्धन गर्ने । (उद्देश्य ३)

९.प्र.अ.ले नगरपालिका र शिक्षकले प्र.अ.सँग प्रत्येक शैक्षिक सत्रको सुरुमा कार्य सम्पादन सम्झौता गरी सो अनुसार मूल्याङ्कन प्रणालीको विकास गर्ने । (उद्देश्य ३)

१०.शिक्षकको कक्षाकोठामा विताउने समयावधि सुधार योजना अनिवार्य रुपमा कार्यान्वयन ल्याई शिक्षकलाई जिम्मेवार बनाउने । (उद्देश्य ३)

११, स्थानीय पाठ्यक्रमको माध्यमबाट नगरको पहिचान हुने गरि अन्य पालिका, प्रदेश, संघ र अन्तर्राष्ट्रिय रुपमा शैक्षिक सम्बन्ध कायम गरि नगरको शिक्षा विकासमा जोड दिने । (उद्देश्य ४)

११.विद्यालय र नगरबाट सञ्चालन गरिने विभिन्न शैक्षिक गतिविधिहरुमा जनप्रतिनिधि, अभिभावक तथा शिक्षा सम्बन्धी सरोकारवालाहरुको सहभागीता गराई शैक्षिक सुशासन कायम गर्ने । (उद्देश्य ५)

१२.वार्षिक कार्यसमपादन मूल्याङ्कन र विद्यार्थीको नतिजामा उत्कृष्ट उपलब्धि हासिल गर्ने शिक्षकलाई प्रशंसा, पुरस्कार र सम्मानको व्यवस्था गर्ने । (उद्देश्य ५)

१३. विद्यालयको आर्थिक व्इवस्थापनलाई नतिजामुखी, पारदर्शी तथा जवाफदेही बनाउन सामाजिक परीक्षण र विद्यालय सुधार योजनालाई विद्यालय अनुदानको लागि अनिवार्य शर्त बनाउने । (उद्देश्य ५)

१४.विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी, प्रधानाध्यापक तथा पदाधिकारीहरुको पेशागत आचारसंहिता तयार गरी लागु गर्ने र सो अनुसार भए नभएको अनुगमन गर्ने । (उद्देश्य ५)

२.५ अपेक्षित उपलब्धि

- आगामी १० वर्षमाः
- आधारभूत तहमा खुद भर्नादर ९८.४% बाट ९९.४% भएको हुने छ।
- आधारभूत तह कक्षा ८ को सिकाइ उपलब्धी २१% बाट ७०% भएको हुने र कक्षा १० को सिकाइ उपलब्धी १५% बाट ७०% भएको हुनेछ।
- विद्यालयका भौतिक संरचना बालमैत्री भएका हुनेछन।
- दरवन्दी मिलान तथा शिक्षक व्यवस्थापन भएको हुनेछ।
- विद्यालय र समुदायको सम्बन्धमा थप सुधार भएको हुनेछ।
- कक्षा कोठाको सिकाइ वातावरणमा सुधार भएको हुनेछ।
- २.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः

क्र स	सूचक	राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक	आधार वर्ष २०७७	२०७९	२०८२	२०८७	अनुगन हुने तह	कैफियत -सत्यापन साधन_

१	**प्रारम्भिक बालविकासु र शिक्षा**							
१.१	प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर	स्थानीय	५७.१४	६५.०	९०	९९	√	
		प्रदेश					√	
		राष्ट्रिय	८६.२	८९.५	९४.०	९९.०	√	
१.२	प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%)	स्थानीय			८५	९५	√	
		प्रदेश					√	
		राष्ट्रिय	६१.०	६५.०	८५.०	९५.०	√	
२	**आधारभूत शिक्षा**							
२.१	**आधारभूत तह कक्षा १ कुल भर्नादर**	स्थानीय	**१३५.५**	**१३२**	**१२५**	**१२०**		
२.२	**आधारभूत तह कक्षा १- ५ कुल भर्नादर**	स्थनीय	**१०७.४**	**१०७**	**१०५**	**१०४**		
२.३	**आधारभूत तह कक्षा ८ कुल भर्नादर**	स्थनीय	**१०६.९**	**१०६**	**१०४**	**१०२**		
३	**माध्यमिक शिक्षा**							
३.१	**कक्षा ९-१०मा कूल भर्ना दर**	**स्थनीय**	**१२८.९**	**१२८**	**१२०**	**११५**		
३.२	**कक्षा ११-१२मा कूल भर्ना दर**	**स्थनीय**	**१४५.४**	**१४०**	**१३५**	**१३०**		

परिच्छेद–३

विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु

३.१ बालविकास र शिक्षा

३.१.१ परिचय

कक्षा एकमा भर्ना गर्ने उमेर नपुगेका बालबालिकाका लागि विद्यालयले शिशु कक्षाको व्यवस्था गर्ने प्रचलन पहिले देखि नै रहेको भएता पनि २०५६ सालमा शिक्षा विभागले समुदायमा आधारित बालविकास कार्यक्रम शुरु गरे पछि नेपालमा सरकारी तहबाट बालविकास र शिक्षाको शुरुआत भएको हो । नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनुका साथै शिक्षा ऐन २०२८ को आठौं संशोधनले प्रारम्भिक बालशिक्षालाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ । बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक एवम् सिर्जनात्मक पक्षको विकासमा सघाउँदै उनीहरुलाई आधारभूत शिक्षाको लागि तयारी गराउने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकाले यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आजको आवश्यकता हो ।

३.१.२ वर्तमान अवस्था

भूमिकास्थान नगरपालिकामा हाल ७० वटा प्रारम्भिक बालविकास केन्द्र रहेका छन । जसमध्ये ६३ वटा सामुदायिक विद्यालयमा आधारित,३वटा संस्थागत विद्यालयमा आधारित, ४ वटा समुदायमा आधारित रहेका छन भने १ वटा नगर अनुदानमा आधारित बालविकास केन्द्र रहेको छ ।

३.१.३ उद्देश्यहरूः

- गर्भावस्था देखि चार वर्ष सम्मको उमेर समुहका बालबालिकालाई पोषण, खाद्द सुरक्षा र बाल विकासका लागि अभिभावकहरुलाई सहयोग र सचेत गराउने ।
- प्रारम्भिक बालविकास उमेर समुहका सबै बालबालिकाहरुको पहुँच अभिवृद्धि गर्नु,
- उमेर समूहका बालबालिकालाई १ वर्षको बालविकास शिक्षा कार्यक्रमको माध्यमबाट शारीरिक, मानसिक, सामजिक र संवेगात्मक क्षमताको बिकास गराई कक्षा १ मा प्रवेशका लागि तयार गराउनु ।
- प्रारम्भिक बालशिक्षाको व्यवस्थापन र गुणस्तरमा सुधार गर्नु,
- प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताहरुको क्षमता अभिवृद्धि गर्नु ।

३.१.४ रणनीतिः

- पोषण र बालअधिकारबारे अभिभावकलाई सूसुचित र सुनिश्चिता गर्ने ।
- जन्मदेखि ३ बर्ष उमेरसम्मका बालकालिकाको बौद्धिक तथा संवेगात्मक विकासका लागि अभिभावक तथा धरालोको लागि बालबाविकासमा आधारित सचेतना दिने ।
- बालविकास केन्द्र विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकास गरी सबै बालबालिकाका लागि अनिवार्य रूपमा भर्ना गर्ने
- प्रारम्भिक उमेरका बालबालिकालाई मध्यनजर राख्दै निजी तथा सामुदायिक क्षेत्रलाई प्रोत्साहित गर्दै बालउद्यानको अवधारणा क्रमशः अवलम्बन गर्ने ।

३.१.५ कार्यनीतिः

- पोषण र बालअधिकारबारे अभिभावक सचेतना कार्यक्रमको माध्यमबाट सूसुचित गर्नुका साथै पोषणको सुनिश्चितता गरिनेछ ।

बालबिकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गरी सबै वालबालिकालाई विद्यालय शिक्षामा अनिवार्य गर्न अभिभावकलाई जिम्मेवार बनाइने छ ।

- उमेर समूहका बालबालिकाहरुको तथ्याङ्क सङ्कलन गरी बालविकास केन्द्रको पहूँच पु-याउनुका साथै बाल विकासको प्रवर्धन गर्न लगानी सुनिश्चितता गरिनेछ ।
- भौतिक पक्ष र सहयोगी कार्यकर्ताको योग्यता र क्षमतालाई बढाउने कार्यनीति तय गरिनेछ ।
- कम्तीमा एक विद्यालय एक बालविकास केन्द्र र आवश्यकता अनुसार समुदायमा पनि बालविकास केन्द्र स्थापना गरिनेछ ।
- बालविकास केन्द्रमा नियमित स्वास्थ्य सेवा उपलब्ध गराइनेछ ।
- अभिभावकको साझेदारीमा बालविकास केन्दका बालबालिकालाई स्वस्थ तथा पोषणयुक्त खाजाको प्रबन्ध गरिनेछ ।
- बालविकास केन्द्रलाई बसाइ व्यस्थापन सिकाइ सामग्री, सन्दर्भ सामग्रीहरू उपलब्ध गराई सिकाइ वातावरण निर्माण गरिनेछ ।
- कक्षा १ मा भर्ना हुने सबै बालबालिकाले बालविकास केन्द्रको अनुभव प्राप्त गरेको सुनिश्चित गरिनेछ ।

३.१.६ कार्यक्रम

१) भर्ना अभियान कार्यक्रम सञ्चालन गर्ने ।

२) अभिभावक शिक्षा कार्यक्रम सञ्चालन ।

३) व्यवस्थित बालविकास केन्द्र, शिशु स्याहार केन्द्र सञ्चालनको लागि न्यूनतम मापदण्ड पूरा भए नभएको सुनिश्चित गरी नियमनका लागि आवश्यक कदम बढाउने ।

४) बालविकास केन्द्रका सहजकर्ताहरूको क्षमता अभिवृद्धि गर्न तालिमको प्रवन्ध गरी गुणस्तरीय सिकाइ क्रियाकलाप सञ्चालन गर्ने गराउने ।

५) स्वास्थ्य परीक्षण शिविर सञ्चालन तथा सिकाइ सामग्री, अभ्यास पुस्तिका व्यवस्थापन तथा सहयोग ।

६) समुदायको वस्ती, बालबालिकाको संख्या र बालविकास केन्द्रको दूरीलाई आधारमानी बालविकास केन्द्र संख्या विस्तार र समायोजन गर्ने ।

७) अभिभावकलाई सचेतीकरणका लागि सचेतनामूलक तालिम सञ्चालन गर्ने ।

८) सिकाउने साधन र तरिकालाई प्रयोग गर्ने ।

९) आर्थिक रूपमा विपन्न अभिभावकहरूलाई आयमूलक सीपको माध्यमबाट रोजगारको व्यवस्था गर्ने ।

१०) सबै बालविकास केन्द्रमा खानेपानी, शौचालय, सिकाइ सामग्री लगायत राष्ट्रिय न्यूनतम मापदण्डमा उल्लेखित सुविधा उपलब्ध गराउने ।

११) अपाङ्गता भएका बालबालिकालागि सहायता सामग्रीको व्यवस्था गर्ने ।

३.१.७ उपलब्धी, मुख्य नतिजाहरु, मुख्य क्रियाकलाप तथा लक्ष्य

१.भर्ना अभियान कार्यकर्म सचालन भएको हुनेछ।

२.अभिभावक शिक्षा कार्यक्रम सन्चालन भएको हुने छ ।

३.वाल विकासका सहजकर्ताहरुको क्षमता अभिव्द्दी भइको हुनेछ ।

४.वाल वकासको सन्ख्या विस्तार तथा समायोजन भएको हुने छ ।

५.सबै वाल विकास केन्द्रमा खानेपानी शोचालय सिकाइ सामग्री लगायत राष्टिय न्यूनतम मापदण्डमा उल्लेखित सुविधा उपलब्ध भएको हुने छ ।

३.२ आधारभूत शिक्षा

३.२.१ परिचय

नेपालको संविधान २०७२ को धाराले आधारभूत शिक्षा अनिवार्य तथा निशुल्क हुने व्यवस्था गरेको छ। विद्यालय क्षेत्र सुधार योजनाले विद्यालय शिक्षाको पुनर्सरचना गरी कक्षा १–८ आधारभूत र कक्षा ९–१२ लाई माध्यमिक गरी २ तहमा विभाजन गरेको छ। गुणस्तरीय आधारभूत शिक्षा माध्यमबाट गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरुले देखाएका छन् । युनेस्कोको एउटा प्रतिवेदनले कम आय भएका मुलुकका सबै विद्यार्थीहरुले आधारभूत पढाइ सीप हासिल गरेर विद्यालय छाड्ने हो भने १७ करोड १० लाख मानिसलाई गरिबीबाट माथि उठाउन सकिने तथ्य प्रकाशन गरेको छ । आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरेर नै यसलाई योजना बद्धरुपमा व्यवस्थित र गुणस्तरीय बनाउनका लागि भूमिकास्थान नगरपालिकाले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरु समावेश गरेको छ।

३.२.२ वर्तमान अवस्था

भूमिकास्थान नगरपालिका भित्र कक्षा १–३ सञ्चालित १६ विद्यालय, कक्षा १–५ सञ्चालित २५ र कक्षा १–८ सञ्चालित ९ गरी जम्मा ५० वटा आधारभूत विद्यालयहरु रहेका छन्। शैक्षिक सत्र २०७७ को तथ्यांक अनुसार आधारभूत तह (१–५) मा ३,४८८ आधारभूत तह (६–८) मा २,०८५ जना गरी जम्मा ५,५७३ जना विद्यार्थीहरु रहेका छन् । यहाँ आधारभूत तह (१–५) अन्तर्गत दरवन्दी १७९ र राहत ४५ सहित २२४ र आधारभूत तह (६-८) मा दरवन्दी २६ र राहतमा २८ गरी ५४ जना शिक्षकहरु कार्यरत छन् । उक्त तथ्यांक अनुसार आधारभूत तह (१-५) मा शिक्षक विद्यार्थी अनुपात करिव १.२० र कक्षा ६-८ मा १.३९ रहेको छ।

३.२.३ उद्देश्यः

१. ५-१२ वर्ष उमेर समुहका सबै बालबालिकाहरूलाई आधारभूत शिक्षाको सुनिश्चितता गर्नु ।

२.आधारभूत तहको शिक्षालाई, निःशुल्क, अनिवार्य, बालमैत्री, समावेशी तथा गुणस्तरीय बनाउने ।

३. आधारभूत तहको शिक्षालाई व्यवहारिक, अनुसन्धानात्मक शिक्षण प्रक्रिया, सिकाइमैत्री तथा दण्ड र भयरहित वातावरणद्वारा गुणस्तरीय शिक्षा प्रदान गर्नु ।

४.निर्धारित सिकाइ सक्षमता हासिल गरेका विद्यार्थीहरुलाई माध्यमिक शिक्षामा प्रवेशका लागि तयारी गराउनु ।

३.२.३ रणनीति

- ५ देखि १२ वर्ष समूहका सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षाको पहुँचमा पुर्याउने।
- विद्यार्थीलाई प्रोत्साहनका लागि छात्रवृत्तिको व्यवस्था गर्ने ।
- बालबालिकाको पहुँचयुक्त पूर्वाधारको निर्माण गरी गुणस्तरीय सिकाइ मैत्री वातावरण सृजना गर्ने ।
- सिकाइलाई व्यवहारिक तथा प्रविधियुक्त बनाई गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
- विद्यालयको भौतिक पूर्वाधार सुधार गरी सिकाइ वातावरण निर्माण गर्ने ।

३.२.४ कार्यनीति

- तथ्याङ्क सङ्कलन गरी विद्यालय नआएका बालबालिकालाई विद्यालय भर्ना गराइनेछ ।
- उमेर समूहका सबै बालबालिका भर्ना गराउन वडा तथा नगर स्तरीय भर्ना अभियान समितिबाट निर्धारित संयन्त्र प्रयोग गरी अभियान सञ्चालन र सुनिश्चितता गरिनेछ ।
- नियमित विद्यालय पठाउने अभिभावकहरूलाई सम्मान गरी नियमितता बढाउने रणनीति अपनाइनेछ
- कक्षा छाड्ने बालबालिकाको कारण पहिचान गरी विद्यालय भित्राइनेछ ।
- अति विपन्नबाल बालिकालाई अभिभावकत्व ग्रहण गराइने छ ।
- छात्रवृत्तिका लागि विद्यार्थीको पहिचान गरी नियमित रुपमा वितरण गरिनेछ ।
- सिकाइ उपलब्धि र विद्यालयको अवस्थाको आधारमा विद्यालयहरूको वर्गीकरण गरिनेछ ।

- आधारभूत शिक्षाको गुणस्तरमा वृद्धि गरिनेछ ।
- बालमैत्री स्थानीय शासनको आवश्यक पूर्वाधार तथा बालअधिकार सूचकहरू पूरा गर्न आवश्यक स्रोत साधनको व्यवस्थापन गरिनेछ ।
- १ देखी ५ कक्षाका बालबालिकाका लागि दिवा खाजा तथा सबै बालबालिकाका लागि पुरस्कार, अतिरिक्त क्रियाकलाप, बालमैत्री बसाई, बालमैत्री भौतिक पूर्वाधार विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- समावेशीता, समता, सबैको अपनत्व हुने गरी सहभागितामूलक, शैक्षिक वातावरण बनाइनेछ ।
- विद्यार्थीहरूको नियमितताको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।
- विद्यालय र समुदायबिचको सुमधुर सम्बन्ध कायम गरिनेछ ।
- अभिभावक सचेतनाका लागि एक टोल एक शिक्षकलाई फोकल शिक्षकको जिम्मेवारी तोकिनेछ ।
- समुदायिक कार्य, सचेतना वृद्धि , बाह्य वातावरण सुधार जस्ता कार्यमा विद्यालयलाई समाजसुधार अभियन्ताको रूपमा लिईने छ ।
- शिक्षण क्रियाकलाप प्रविधियुक्त गरी सुखी र समृद्धि उन्मुख शिक्षा दिइने छ ।
- सिकाइ समस्या भएका बालबालिकालाई विशेष प्राथमिकता दिई शिक्षण गरिनेछ ।
- पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षक डायरीलाई कार्यान्वयनमा ल्याइनेछ ।
- विद्यालयको भौतिक पूर्वाधारको विकास गरी बालमैत्री विद्यालयहरू बनाइनेछ ।
- सिकाइ उपलब्धि वृद्धि गर्नका लागि निर्देशयुक्त शैक्षिक क्यालेन्डर प्रकाशन, वितरण तथा कार्यान्वयनमा ल्याइनेछ ।
- विद्यालयको स्वमूल्याङ्कन एवं अन्य माध्यमबाट वर्गीकरण गरी शैक्षिक लगानी गरिने छ ।
- सिकाइ मूल्याङ्कन, मौजुदा शिक्षक विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान गरिनेछ ।

३.२.५ कार्यक्रम

१) उमेरगत बालबालिकाको तथ्याङ्क सङ्कलनका लागि घरधुरी सर्वेक्षण गर्ने ।

२) अभिभावक, गैरसरकारी संस्था र स्थानीय तहसँगको समन्वयमा भर्ना अभियान चलाउने ।

३) विद्यालयमा नियमित नभएका विद्यार्थीहरूको अभिभावहरूसँग छलफल तथा अन्तरक्रिया गरी सोको कारण पहिल्याई नियमित गर्ने ।

४) आर्थिक रूपले अति विपन्न बालबालिकाको पहिचान गरी अभिभावकत्व ग्रहण गर्ने नागरिकलाई सम्मान गरी कार्यक्रमलाई निरन्तरता दिने

५) अन्तरक्रिया, ईमिस इन्ट्रि

६) शिक्षकहरू बीच अन्तरक्रिया ।

७) बालमैत्री शिक्षण क्रियाकलामा जोड दिने ।

८) सुझाव पेटिको स्थापना तथा प्रभावकारी कार्यान्वयन गर्ने ।

९) राज्यद्वारा तोकिएको छात्रवृत्तिको दायराभन्दा बाहिर रहेका अति गरिव तथा अतिविपन्न बालबालिकालाई छात्रवृत्ति प्रदान गर्ने ।

१०) सिकाइ उपलब्धि बढी र कम भएका विद्यालयहरूबिच सिकाइ अन्तरसम्बन्धको विकास गर्ने ।

११) कक्षा १ देखि ३ पढ्नका लागि सिक्ने चरण प्रारम्भिक पठन सिप विकास कार्यक्रम अनिवार्य कार्यान्वयन गर्ने ।

१२) निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गरी सबै बालबालिकाको कार्य सञ्चयिका कायम गर्ने ।

१३) न्यून शैक्षिक उपलब्धि भएका विद्यालयका समुदायमा पढाइ शिविर कक्षा सञ्चालन गर्ने र सोको दायित्व विद्यालयले लिने ।

१४) स्थानीय पाठ्यक्रम बनाउने ।

१५) शिक्षक तालिम, बैठक, समीक्षा, सामग्री सहयोग गर्ने ।

१६) नियमित रूपमा अतिरिक्त क्रियाकलापहरू सञ्चालन गरी विद्यार्थीहरूको नियमिताको लागि उचित वातावरण सृजना गर्ने ।

१७) एक टोल एक शिक्षक तोकी अभिभावक विद्यालय सम्बन्ध विस्तार गर्ने ।

१८) विद्यालयको क्रियाकलापमा अभिभावकको सहभागिता गर्ने ।

१९) विद्यालय श्वेत पत्र जारी गर्ने

२०) सरसफाइ, चेतनामूलक कार्यक्रम, बालविवाह रोकथाम, संस्कृति प्रर्वधन, प्रकोप न्यूनीकरण, बाल संरक्षण, वृक्षारोपण जस्ता सामुदायिक कार्यमा बालसमूहको माध्यमबाट विद्यालयले कार्यक्रम सञ्चालन गर्ने छ ।

२१) एक शिक्षक एक ल्याप्टप व्यवस्था गर्ने ।

२२) विद्यालयमा इन्टरनेटको व्यवस्था

२३) कम्तीमा वडाको एक विद्यालयमा शैक्षिक ल्याब स्थापना गर्ने ।

२४) दरबन्दी मिलान गर्ने ।

२५) शिक्षक व्यवस्थापन गर्ने ।

२६) भौतिक पूर्वाधार आवश्यकता पहिचान गरी बालमैत्री भवन, खानेपानी, शौचालय, बालउद्यान निर्माण गर्ने ।

२७) शिक्षक डायरी र क्यालेन्डर तयारी, प्रकाशन, वितवरण तथा कार्यान्वयन ।

२८) वर्गीकरण मानक तयार गरी विद्यालय वर्गीकरण गर्ने ।

२९) अवलोकन भ्रमण, अन्तरक्रिया, कार्यशाला गोष्ठी तथा शिक्षकको रोस्टर तयार गर्ने ।

३०) शैक्षिक सामग्री प्रदर्शनी तथा विद्यालयमा प्रयोग भएको आधारमा पुरस्कृत गर्ने ।

३१) शैक्षिक सामग्री निर्माण कार्यशाला गोष्ठी आयोजना गर्ने ।

३२) शैक्षिक सुशासनका पेशागत संघ सङ्गठनसँग छलफल तथा अन्तरक्रिया ।

३.२.६ उपलब्धी, मुख्य नतिजाहरु, मुख्य क्रियाकलाप तथा लक्ष्य

१. तथ्याङ्क सङ्कलन गरी विद्यालय नआएका बालबालिकालाई विद्यालय भर्ना गरिएको हुनेछ ।
२. उमेर समूहका सबै बालबालिका भर्ना गराउन वडा तथा नगर स्तरीय भर्ना अभियान समितिबाट निर्धारित संयन्त्र प्रयोग गरी अभियान सञ्चालन र सुनिश्चितता भएको हुनेछ ।
३. नियमित विद्यालय पठाउने अभिभावकहरूलाई सम्मान गरी नियमितता बढाउने रणनीति अपनाइएको हुनेछ
४. कक्षा छाड्ने बालबालिकाको कारण पहिचान गरी विद्यालय भित्राइएको हुनेछ ।
५. अति विपन्नबाल बालिकालाई अभिभावकत्व ग्रहण गराइएको हुनेछ ।
६. छात्रवृत्तिका लागि विद्यार्थीको पहिचान गरी नियमित रुपमा वितरण गरिएको हुनेछ ।
७. सिकाइ उपलब्धि र विद्यालयको अवस्थाको आधारमा विद्यालयहरूको वर्गीकरण गरिएको हुनेछ ।
८. आधारभूत शिक्षाको गुणस्तरमा वृद्धि गरिएको हुनेछ ।
९. बालमैत्री स्थानीय शासनको आवश्यक पूर्वाधार तथा बालअधिकार सूचकहरू पूरा गर्न आवश्यक स्रोत साधनको व्यवस्थापन गरिएको हुनेछ ।
१०. १ देखी ५ कक्षाका बालबालिकाका लागि दिवा खाजा तथा सबै बालबालिकाका लागि पुरस्कार, अतिरिक्त क्रियाकलाप, बालमैत्री बसाई, बालमैत्री भौतिक पूर्वाधार विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको हुनेछ ।
११. समावेशीता, समता, सबैको अपनत्व हुने गरी सहभागितामूलक, शैक्षिक वातावरण बनाइएको हुनेछ ।
१२. विद्यार्थीहरूको नियमितताको लागि विशेष कार्यक्रम सञ्चालन गरिएको हुने छ ।
१३. विद्यालय र समुदायबिचको सुमधुर सम्बन्ध कायम भएको हुनेछ ।
१४. अभिभावक सचेतनाका लागि एक टोल एक शिक्षकलाई फोकल शिक्षकको जिम्मे हुवारी तोकिएकोनेछ ।
१५. समुदायिक कार्य, सचेतना वृद्धि , बाह्य वातावरण सुधार जस्ता कार्यमा विद्यालयलाई समाजसुधार अभियन्ताको रूपमा लिईएको हुने छ ।
१६. शिक्षण क्रियाकलाप प्रविधियुक्त गरी सुखी र समृद्धि उन्मुख शिक्षा दिइएको हुने छ ।
१७. सिकाइ समस्या भएका बालबालिकालाई विशेष प्राथमिकता दिई शिक्षण गरिएको हुनेछ ।
१८. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षक डायरीलाई कार्यान्वयनमा ल्याइएको हुनेछ ।
१९. विद्यालयको भौतिक पूर्वाधारको विकास गरी बालमैत्री विद्यालयहरू बनाइएको हुनेछ ।
२०. सिकाइ उपलब्धि वृद्धि गर्नका लागि निर्देशयुक्त शैक्षिक क्यालेन्डर प्रकाशन, वितरण तथा कार्यान्वयनमा ल्याइएको हुनेछ ।

२१. विद्यालयको स्वमूल्याङ्कन एवं अन्य माध्यमबाट वर्गीकरण गरी शैक्षिक लगानी गरिएको हुने छ ।
२२. सिकाइ मूल्याङ्कन, मौजुदा शिक्षक विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान गरिएको हुनेछ ।

३.३ माध्यमिक शिक्षा

३.३.१ परिचय

अनिवार्य आधारभूत तहको शिक्षा प्राप्त गरिसकेका सबै बालबालिकालाई रुची र क्षमता अनुसार माध्यमिक तहमा प्राविधिक तथा साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ । आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको लाइन लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यवसायिक सीप हासिल गरेर भविश्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ । शिक्षा ऐन २०२८ (संशोधन सहित) ले कक्षा ९ देखि १२ सम्म दिइने शिक्षालाई माध्यमिक शिक्षाको रुपमा परिभाषित गरेको छ । नेपालको संविधान (२०७२) ले माध्यमिक शिक्षा निशुल्क हुने व्यवस्था गरेको छ । यीनै कुराहरुलाई ध्यानमा राखेर भूमिकास्थान नगरपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सीपमुलक, निःशुल्क, बालमैत्री, र समावेसी गराउने नीति लिएको छ।

३.३.२ वर्तमान अवस्था

भूमिकास्थान नगरपालिकामा कक्षा १–१० सञ्चालित ५ र कक्षा १–१२ सञ्चालित ७ गरी माध्यमिक विद्यालयको संख्या १२ रहेको छ । शैक्षिक सत्र २०७७ को तथ्यांक अनुसार माध्यमिक तह (९-१०) मा १११२ र (११-१२) मा ५२३ जना गरी जम्मा १६३५ जना विद्यार्थीहरु रहेका छन् । माध्यमिक तह (९-१०) अन्तर्गत दरवन्दी २७ र राहत १० सहित ३७ र माध्यमिक तह (११-१२) मा दरवन्दी २ र राहत ८ गरी १० जना शिक्षकहरु कार्यरत छन् । उक्त तथ्यांक अनुसार माध्यमिक तह (९-१०) मा शिक्षक विद्यार्थी अनुपात करिव १:३० र कक्षा ११_१२ मा १५.२ रहेको छ ।

३.३.३ उद्देश्य

- आधारभूत तहको शिक्षा हासिल गरेका विद्यार्थीहरूलाई सीपमूलक, प्रविधियुक्त र गुणस्तरीय माध्यमिक शिक्षाको अवसर प्रदान गर्ने ।

- माध्यमिक शिक्षालाई समावेशी, बालमैत्री र निःशुल्क बनाउने ।

माध्यामिक शिक्षाको शिक्षण विधिलाई व्यावहारीक, अनुसन्धानात्मक, सिकाइमैत्री तथा दण्ड र भयरहित वातावरणद्वारा गुणस्तरीय शिक्षा प्रदान गर्दै प्रतिस्पर्धी तथा उच्चशिक्षा हासिल गर्न योग्य बनाउने ।

३.३.४ रणनीति

- आधारभूत तह पूरा गरेका बालबालिकालाई निःशुल्क माध्यमिक शिक्षाको व्यवस्था गर्ने ।
- माध्यमिक शिक्षालाई सिकाइ वातावरण निर्माण गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने ।
- विद्यालयमा सुशासन कायम गरी अभिभावकहरूको सहभागिता बढाउने ।

३.३.५ कार्यनीति

- विद्यालयको भौतिक पूर्वाधार सबल, दक्ष विषयगत शिक्षक, पर्याप्त शैक्षिक सामग्री सहितका विद्यालयहरू बनाइनेछ ।
- अपाङ्गता र समावेशी शिक्षा दिने विद्यालयहरूको संख्यमा वृद्धि गरिनेछ ।
- विद्यालयको गुणस्तरीय शैक्षिक विकास तथा व्यवस्थापनका लागि सम्पूर्ण सरोकारवालाहरूको अपनत्व वृद्धि गराई सहयोग लिन सकिनेछ ।
- शिक्षण प्रणलीलाई व्यावहारिक तथा सृजनात्मक एवं अनुसन्धानात्मक विधिको विकास गरिने छ
- कक्षाकोठाको सिकाइलाई बालमैत्री, अपाङ्गमैत्री र छात्रामैत्री बनाइनेछ ।
- सिकाइ उपलब्धि वृद्धि गर्नका लागि निर्देशनयुक्त शिक्षक डायरी प्रकाशन, वितरण तथा कार्यान्वयनमा ल्याइनेछ ।
- विद्यालयको स्वमूल्याङ्कन एवं अन्य माध्यमबाट वर्गीकरण गरी शैक्षिक लगानी गरिने छ ।
- सिकाइ मूल्याङ्कन, मौजुदा शिक्षक विद्यार्थी संख्याको आधारमा विषयगत दरबन्दी मिलान गरिनेछ ।
- बालबालिकामाथि हुन सक्ने शारीरिक तथा मानसिक हिंसालाई पूर्णरूपमा अन्त्य गरी सुरक्षित सिकाइ वातावरण निर्माण गरिनेछ ।

- छात्रा मैत्री, बालमैत्री, अभिभावक मैत्री सुशासन कायम भएको विद्यालयहरूलाई नमूना घोषणा गरिनेछ ।
- विद्यालय श्वेतपत्रको माध्यमबाट विद्यालयको यथार्थ चित्रण गरिनेछ ।
- अनुगमन, सुपरीवेक्षण, शिक्षक सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याई गुणस्तरीय अभिवृद्धि गरिनेछ ।
- बालमैत्री विद्यालयका लागि बालसमूह गठन, क्षमता अभिवृद्धि र जिम्मेवारी सहित परिचालन गरी बालसुशासन कायम गरिनेछ ।
- विद्यालयमा ई–हाजिरीको व्यवस्थापन निरन्तरता दिई समयलाई चुस्तदुरुस्त बनाइनेछ ।
- सामाजिक परीक्षणलाई व्यापक बनाई विद्यालयलाई चुस्त तथा पारदर्शि बनाइनेछ ।

३.३.६ उपलब्धी, नतिजा, क्रियाकलाप तथा लक्ष्य

- विद्यालयको भौतिक पूर्वाधार सबल, दक्ष विषयगत शिक्षक, पर्याप्त शैक्षिक सामग्री सहितका विद्यालयहरू बनाइएको हुनेछ ।
- अपाङ्गता र समावेशी शिक्षा दिने विद्यालयहरूको संख्यमा वृद्धि गरिएको हुनेछ।
- शिक्षण प्रणलीलाई व्यावहारिक तथा सृजनात्मक एवं अनुसन्धानात्मक विधिको विकास गरिएको हुनेछ ।
- कक्षाकोठाको सिकाइलाई बालमैत्री, अपाङ्गमैत्री र छात्रामैत्री बनाइएको हुनेछ ।
- सिकाइ उपलब्धि वृद्धि गर्नका लागि निर्देशनयुक्त शिक्षक डायरी प्रकाशन, वितरण तथा कार्यान्वयनमा ल्याइएको हुनेछ ।
- विद्यालयको स्वमूल्याङ्कन एवं अन्य माध्यमबाट वर्गीकरण गरी शैक्षिक लगानी गरिएको हुनेछ ।
- सिकाइ मूल्याङ्कन, मौजुदा शिक्षक विद्यार्थी संख्याको आधारमा विषयगत दरबन्दी मिलान गरिएको हुनेछ ।

- बालबालिकामाथि हुन सक्ने शारीरिक तथा मानसिक हिंसालाई पूर्णरूपमा अन्त्य गरी सुरक्षित सिकाइ वातावरण निर्माण गरिएको हुनेछ ।
- विद्यालय श्वेतपत्रको माध्यमबाट विद्यालयको यथार्थ चित्रण गरिएको हुनेछ ।
- अनुगमन, सुपरीवेक्षण, शिक्षक सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याई गुणस्तरीय अभिवृद्धि गरिएको हुनेछ ।
- बालमैत्री विद्यालयका लागि बालसमूह गठन, क्षमता अभिवृद्धि र जिम्मेवारी सहित परिचालन गरी बालसुशासन कायम गरिएको हुनेछ ।
- विद्यालयमा ई–हाजिरीको व्यवस्थापन निरन्तरता दिई समयलाई चुस्तदुरुस्त बनाइएको हुनेछ ।

३.४ स्थानीय पाठ्यक्रम र मूल्याङ्कन

३.४.१ परिचय

स्थानीय आवश्यकता, विज्ञता र सहभागिताको आधारमा स्थानीय स्रोत साधनको प्रयोग गरी निर्माण हुने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो। राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले आधारभूत तह कक्षा (१-५) र (१-८) मा स्थानीय मातृभाषा अन्य भाषामा आधारित रही स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने व्यवस्था गरेको छ।

३.४.२ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति, २०७६ एवम् राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले व्यवस्था गरे अनुरुप यस नगरपालिकामा आधारभूत तह (१-८) मा स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०८९ देखि क्रमशः लागु गर्नको लागि विभिन्न ११ वटा विषयवस्तु समावेश गरी स्थानीय पाठ्यक्रम निर्माणको प्रकृया शुरु गरिएको छ। सो को लागि क्षेत्रगत र नगर स्तरीय कार्याशाला सम्पन्न गरिएको छ भने अन्तिम रुप दिई कार्यान्वयन गर्ने कार्यक्रम रहेकोछ।

३.४.३ उद्देश्यः

स्थानीय बिषयवस्तु समेटि पाठ्यक्रमको निर्माण र कार्यान्वयन गर्ने।

३.४.४ रणनीति

- स्थानीय कृषि औजार र उत्पादन सँग सम्बन्धित चित्रहरु, वनजङ्गल, ताल तलैया समेटेर स्थानीय पाठ्यक्रम निर्माण गर्ने।
- स्थानीय तहमा उपलब्ध उद्यमशिलतासँग जोड्दै पठन सामग्री तयार गर्ने।

- आयुर्वेद औषधोपचार पद्धतिको विकास गर्ने ।

३.४.५ कार्यनीति

- समय सान्दर्भिकता र व्यवहारिक हुने गरी स्थानीय परिवेशसँग मेलखाने स्थानीय पाठ्यक्रम निर्माण गरी स्थानीय कला संस्कृतिको संरक्षण एवम् जगेर्ना गरिनेछ ।
- योग, ध्यान तथा आयुवेर्दिक शिक्षालयको स्थापना गरी सुखी जीवन जिउने शिक्षामा जोड दिइने छ ।

३.५ शिक्षक व्यवस्थापन तथा विकास

३.५.१ परिचय

शिक्षा तथा मानव स्रोत विकास केन्दले सामुदायिक विद्यालयमा शिक्षक दरवन्दी मिलान व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ जारी गरेको छ । उक्त कार्यविधि अनुसार शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन गर्नु स्थानीय तहको जिम्मेवारी हो । तसर्थ स्थानीय तहले प्रत्येक वर्ष विद्यार्थी संख्या र विषयगत आधारमा शिक्षक व्यवस्थापन गरी शिक्षकको पेशागत विकासमा सहयोग गर्नु आवश्यक देखिन्छ ।

३.५.२ वर्तमान अवस्था

यस नगरपालिकाले शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम दरवन्दी मिलान तथा व्यवस्थापनको कार्य सम्पन्न गरेको छ । जस अन्तर्गत पालिका भित्र प्राथमिक तहमा बढि हुन आएका ३७ दरवन्दीलाई प्राथमिक तहबाट निम्न माध्यमिक तहमा गणना हुने गरी पुल दरवन्दी कायम गरी शिक्षक व्यवस्थापन गरिसकेको छ । विद्यालयमा विद्यार्थी संख्या थपघट भई रहने हुनाले प्रत्येक वर्ष दरवन्दी मिलान तथा शिक्षक व्यवस्थापन गर्नु जरुरी देखिन्छ ।

३.५.३ उद्देश्य

१.कक्षागत, विषयगत र तहगत रुपमा शिक्षक व्यवस्थापन गर्नु,

२. शिक्षकको पेशागत दक्षता अभिवृद्धि गर्नु ।

३.५.४ रणनीति

- प्रत्येक वर्ष कक्षागत र विषयगत आधारमा शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन गर्ने,
- शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्यलाई समय सापेक्ष व्यवहारिक र पारदर्शी बनाउने,
- शिक्षक दरवन्दी पुर्नवितरणबाट पनि शिक्षक दरवन्दी अपुग भएमा नगरले आफुले आर्थिक दायित्व वहन गर्ने गरी थप शिक्षक दरवन्दी सिर्जना गर्ने ।
- शिक्षकलाई पेशा प्रति थप जिम्मेवार बनाउने ।
- सबै विद्यालयमा योग्य तथा सक्षम विषयगत शिक्षकको व्यवस्थापन गर्दै उनीहरुको उत्प्रेरणा, पेशागत नैतिकता र सक्षमता अभिवृद्धि गर्न शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको उपलब्धी सँग जोड्ने ।
- शिक्षकको पेशागत विकासको लागि रोष्टर तयार गरी कार्यान्वयन गर्ने ।

३.५.५ कार्यनीति

- प्रत्येक वर्ष विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन गरिनेछ ।
- विद्यालयमा विद्यार्थी भर्ना र शैक्षिक व्यवस्थापन कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन शिक्षकलाई जिम्मेवार बनाइनेछ ।
- निरन्तर रुपमा शिक्षकको पेशागत सक्षमता अभिवृद्धि गर्नका लागि शिक्षकलाई पुर्नताजगी तालिम प्रदान गरिनेछ ।

३.६ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ

३.६.१ परिचय

सिकाइलाई जीवनपर्यन्त चलिरहने प्रक्रियाको रुपमा लिइन्छ। मानिसहरु औपचारिक, अनौपचारिक र अनियमित पद्धतिको माध्यमबाट जीवनजगत र वातावरणमा अन्तरक्रिया गर्दै अनुभवहरु हासिल गर्छन।

३.६.२ वर्तमान अवस्था

विगतमा सञ्चालन भएका अनौपचारिक शिक्षा कक्षाको माध्यमबाट यस नगरपालिकालाई साक्षर नगरपालिका घोषणा गरिएको छ। समुदायमा साक्षरता सीप विकास र निरन्तर सिकाइको लागि यस नगरपालिकामा २ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन्।

३.६.३ उद्देश्य

- साक्षर नागरिकलाई निरन्तर शिक्षाको माध्यमबाट सीपमूलक कार्यक्रमहरूमा आवद्ध गराउनु ।
- निरक्षरहरूको पहिचान गरी विभिन्न माध्यमबाट साक्षर बनाउनु।
- जीवनपर्यन्त सिकाइमा जोड दिनु।

३.६.४ रणनीति

- औपचारिक शिक्षाको मूलधार बाहिर रहेका नागरिकलाई वैकल्पिक शिक्षाको व्यवस्था गर्ने।
- सबै उमेर समूहका नागरिकलाई आजीवन शिक्षा÷जीवनपर्यन्त शिक्षाको व्यवस्था गर्ने।

३.६.५ कार्यनीति

- औपचारिक शिक्षाको मूलधारभन्दा बाहिर रेहका बालबालिकालाई सामुदायिक अध्ययन केन्द्र एवं शैक्षिक निकायले सञ्चालन गर्ने वैकल्पिक शिक्षाको माध्यमबाट शिक्षाको मूलधारमा ल्याइनेछ ।
- शिक्षकहरूको क्षमता अभिवृद्धि गरी स्थानीय रूपमा बोलिने भाषाहरूलाई व्यवहारिक रूपमा अन्तरसंवादको रूपमा अगाडि बढाइनेछ ।
- औपचारिक शिक्षाबाट बञ्चित भएका नागरिकहरूलाई पेशा तथा प्रविधिसँग मेलखाने सीपहरू प्रदान गरी आयआर्जन क्रियाकलापमा आवद्ध गरिनेछ ।
- सबै उमेर एवं योग्यताका नागरिकहरूलाई समय अनुकूलको शिक्षामा अद्यावधि गराई जेष्ठ नागरिक, आमा समूह, बालिका शिक्षा, किशोरी शिक्षा, प्रबिधियुक्त शिक्षा, व्यावहारिक शिक्षाको व्यवस्था गरिनेछ ।
- विज्ञान र प्रविधिले ल्याएका खोज अनुसन्धान, विपन्न र परम्परावादी सोचलाई वर्तमान सन्दर्भमा विज्ञानसँग जोड्दै पुर्खाले दिएको ज्ञानलाई व्यावहारिक बनाइनेछ ।

परिच्छेद ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

४.१ शैक्षिक समता र समावेशीकरण

४.१.१ परिचय

नेपालको संविधान (२०७२) ले आथिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी,थारु, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तकृत,अपांगता भएका व्यक्ति,लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान,श्रमिक,उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिकलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागीताको हक हुने कुरा उल्लेख गरेको छ ।

४.१.२ उद्देश्य

१. शिक्षामा शैक्षिक समता तथा समावेशीता कायम गर्नु ।

४.१.३ रणनीति

- शिक्षामा सबै जातजाती, वर्ग र क्षेत्रको पहुँच वृद्धि गर्नु ।
- सीप विकास तालिप सञ्चालन गरी रोजगारीका अवसरहरु सिर्जना गर्नु ।
- छात्रवृत्तिको व्यवस्था गर्नु ।

४.१.४ कार्यनीति

- स्थानीय स्रोत साधनमा सबै वर्ग र क्षेत्रका नागरिकहरुको पहुँच बढाइनेछ ।
- स्थानीय तहबाट सञ्चालन गरिने शैक्षिक कार्यक्रम तथा विकासका सबै क्षेत्रको निर्णयमा सहभागीता सुनिश्चित गरिनेछ ।

- महिला, दलित, अपांग नागरिकहरुको आर्थिक तथा सामाजिक विकासका लागि लक्षित शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विभिन्न जातजाति तथा समुदायको भाषा तथा संस्कृतिको संरक्षण गरिनेछ ।
- अपांग, महिला, दलित बालबालिकाहरुको लागि प्राथमिक तह देखि उच्च शिक्षा सम्म कानुन बमोजिम छात्रवृति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ ।
- राज्यद्धारा तोकिएको छात्रवृत्तिको दायरा भन्दा बाहिर रहेका अति गरिब तथा अति विपन्न बालबालिकाहरुलाई छात्रवृत्ति प्रदान गरिनेछ ।

४.२ दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम

४.२.१ परिचय

नेपाल सरकारले विद्यार्थीहरुको पोषण स्तरमा सुधार ल्याउन र शैक्षिक सत्र पुरा नगरी बिचमा नै कक्षा छाड्ने समस्या समाधान गर्न सार्वजनिक विद्यालयका प्रारम्भिक बाल कक्षा देखि कक्षा ५ सम्मका सबै बालबालिकाहरुको लागि ७७ वटै जिल्लामा दिवा खाजा कार्यक्रम लागु गरेको छ ।

४.२.२ वर्तमान अवस्था

भूमिकास्थान नगरपालिका अन्तर्गत सबै सामुदायिक विद्यालयहरुको पूर्व प्राथमिक तह देखि कक्षा ५ सम्म यो कार्यक्रम लागु गरिएको छ । केहि विद्यालयमा विद्यालयले आफै तयार गरी र धेरै जसो विद्यालयमा विद्यार्थीले घरमै बनेको खाजालाई अभिलेख राखी रकम भुक्तानी गर्ने गरिएको छ । नगरपालिकाले विद्यालयबाट प्राप्त विद्यार्थीको प्रमाणित हाजिरलाई आधारमानी एक शैक्षिक सत्रमा १८० दिन भन्दा बढी नहुने गरी माग फारामका आधारमा रकम विद्यालयको खातामा निकासा गर्ने व्यवस्था गरिएको छ । यस कार्यक्रमले विद्यार्थी नियमिततामा वृद्धि गरेको पाइन्छ ।

४.२.२ उद्देश्य

- विद्यालय जाने उमेरका सबै बालबालिकालाई स्वस्थ रहन सहयोग गर्ने ।
- विद्यालयको वातावरणीय सरसफाइ सुधार गर्ने ।

४.२.३ रणनीति

- स्वास्थ्य तथा पोषणका विषयमा अभिभावकहरूलाई अभिप्रेरित गरी विद्यालयमा आउन बालबालिकाको लागि पोषणयुक्त खाने कुराको बानीमा विकास गर्ने ।

४.२.४ कार्यनीति

क) अभिभावकहरूलाई स्वास्थ्य तथा पोषण सम्बन्धी जानकारी गराई बालबालिकाको स्वास्थ्यको लागि विशेष जिम्मेजारी बनाइनेछ ।

ख) पोषणयुक्त खानाका सम्बन्धमा सचेतना गरी घरमा बनेको दिवा खाजालाई प्रवद्र्धन गरिनेछ ।

ग) विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम सूचक भएको हाजिरी रजिस्टर अनिवार्य लागू गर्न लगाई तथ्याङ्क अद्यावधि गरी अभिभावकहरूलाई जानकारी गर्न लगाइनेछ ।

घ) विद्यार्थीको स्वास्थ्य परीक्षण (कम्तिमा वर्षको २ पटक), जुकाको औषधी, भिटामिन, प्राथमिक उपचार वाकस, सेनेटरी प्याड अनिवार्यमा व्यवस्था गरिनेछ ।

ङ) विद्यार्थीहरूको व्यक्तिगत सरसफाई (नङ काट्ने, कपाल कोर्ने, पोसाक सरसफाइ) र विद्यालयस्तरीय सरसफाई सम्वन्धी क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

च) नगरका सबै विद्यालयहरूमा खानेपानी र छात्र र छात्राका लागि बेग्लाबेग्लै शौचालयको व्यवस्था मिलाइनेछ र हरेक विद्यालयमा ऐना र साबुनको व्यवस्था, शौचालय सफा गर्ने ।

४.३ छात्रवृत्ति

४.३.१ परिचय

सामुदायिक विद्यालयमा अध्ययन गर्ने कक्षा १ देखि ८ सम्म अध्ययनरत छात्रा तथा दलित विद्यार्थीलाई वार्षिक रु ४००। का दरले छात्रा तथा दलित छात्रवृत्ति प्रदान गर्ने व्यवस्था रहेको छ। त्यस्तै अपांग विद्यार्थीहरुलाई भने परिचय पत्रको आधारमा छात्रवृत्ति प्रदान गर्ने गरिन्छ। वर्तमान संविधानले अपाङ्गता भएका, दलित तथा विपन्न नागरिकहरुलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक प्रदान गरेको छ।

४.३.२ वर्तमान अवस्था

शैक्षिक सूचना तथा व्यवस्थापन तथा सूचना प्रणालीको आधारमा विद्यार्थी यकिन गरी नियमानुसार विद्यालयको खातामा निकासा गरिएको छ। विद्यालयले उक्त रकम वितरण गरी सो को प्रमाणित प्रति नगरपालिकामा पेश गर्ने व्यवस्था गरिएको छ। यस कार्यक्रमले विद्यार्थी विद्यालय नियमित उपस्थित हुने र न्यून आय भएका बालबालिकालाई शिक्षाको अवसर प्रदान गरेको पाइन्छ।

४.३.३ उद्देश्य

४.४ आपतकालीन तथा संकटकालीन अवस्थामा शिक्षा

४.५ विद्यालय भौतिक पूर्वाधार विकास

४.६ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

४.६.१ परिचय

आजको युग सूचना तथा प्रविधिको युग भएकोले विद्यालय शिक्षामा यसको प्रयोग आजको टड्कारो आवश्यकता हो । सूचना तथा सञ्चार प्रविधिलाई राष्ट्रको सामाजिक रुपान्तरण र आर्थिक विकासको प्रमुख संवाहक मानिन्छ । गुणस्तरीय शिक्षा प्रर्वद्धन गर्नको लागि सूचना तथा प्रविधिको उपयोग प्रभावकारी देखिन्छ ।

४.६.२ वर्तमान अवस्था

सबै सामुदायिक विद्यालयहरुलाई नगरपालिकाबाट कम्प्युटर तथा प्रिन्टर वितरण भएका छन । संघीय सरकारको सशर्त बजेटबाट आ.व. २०७७।०७८मा सबै विद्यालयहरुलाई इन्टरनेटमा पहुँच पू-याउने कार्यक्रम अनुसार बजेट निकासा भई ५९ विद्यालयमा नेट जडान कार्य सम्पन्न भएको छ । तथापी कतिपय विद्यालयहरुमा इन्टरनेटको पहुँच नपुगेको र नेट जडान खर्च बढी लाग्ने भएकाले कतिपय विद्यालयमा इन्टरनेट जडान हुन सकेको छैन ।

४.६.३ उद्देश्य

क) सबै विद्यालयहरुमा इन्टरनेटको पहुँच पू¥याउनु,

ख) इन्टरनेटको माध्यमबाट शिक्षण सिकाइ क्रियाकलापलाई सहजीकरण गर्नु ,

ग) संकटकालिन अवस्थामा सिकाइलाई प्रभावकारी बनाउनु,

घ) स्थानीय परम्परागत मौलिक सिपको प्रर्वद्धन गर्नु ।

४.६.४ रणनीति

क) इन्टरनेटको पहँुच नपुगेका विद्यालयहरुमा आ.व. २०७८।०७९को निशर्त अनुदान मार्पmत इन्टरनेटको पहँुच पू¥याउन बजेट निकासा गरी त्यसको प्रभावकारी कार्यान्यवनमा सहजीकरण गरिनेछ । (उद्देश्य क सँग सम्बन्धित)

ख) एक शिक्षक एक ल्यापटम कार्यक्रम कार्यान्वयन गरिनेछ ।(उद्देश्य ख सँग)

ग) इन्टरनेटको माध्यमबाट सिकाइ सहजीकरण गर्नको लागि विभिन्न शैक्षिक सामग्रीहरु निर्माण तथा खोज गरी विद्यार्थी सामु पू¥याउने रणनीति अवलम्वन गरिने छ । (ग सँग सम्बन्धित)

घ) संकटकालिन अवस्थामा सिकाइलाई प्रभावकारी बनाउन सियूजी तथा अनलाईन कक्षा, व्यक्तिगत भेटघाट बाट शिक्षण गर्ने तरिका सम्बन्धी तालिम सञ्चालन गरिने छ । (ग सँग सम्बन्धित)

ङ) शिक्षामा सूचना तथा प्रविधि अन्तर्गत प्राथमिक तह देखि नै स्थानीय पाठ्यक्रममा परम्परागत मौलिक सिप र प्रविधिलाई समेटी प्रविधि तथा सीपका बारेमा अध्ययन अध्यापन गरिनेछ । (घ सँग सम्बन्धित)

४.६.५ उपलब्धि, मुख्य नतिजाहरु, मुख्य क्रियाकलाप तथा लक्ष्यः

४.६.५.१ उपलब्धि

क) ६५वटै विद्यालयहरुमा इन्टरनेट जडान भएको हुनेछन । (सामुदायिक तथा संस्थागत)

ख) सबै विद्यालयहरुले इन्टरनेटको माध्यमबाट शैक्षिक सामग्रीहरु संकलन र प्रयोग गरेका हुनेछन् ।

ग) संकटकालिन अवस्थामा अनलाईन कक्षा, सियूजी तथा व्यक्तिगत भेटघाट बाट विद्यार्थीको पठनपाठन क्रियाकलाप सञ्चालन भई सिकाइ प्रभावकारी भएको हुनेछ ।

घ) प्रत्येक शिक्षकहरुहरुको हातमा ल्यापटप उपलब्ध भएको हुनेछ ।

ङ) शिक्षकहरु इन्टरनेटको माध्यमबाट हुने शिक्षण सिकाइको लागि तालिम प्राप्त भएका हुनेछन् ।

४.७ प्राविधिक तथा व्यवसायिक शिक्षा

उद्देश्य

- विद्यालय शिक्षाको माध्यमबाट योग्य मध्यम स्तरका जनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षामा जोड दिने ।
- माग र जनसंख्याको आधारमा प्राविधिक विद्यालयहरू स्थापना गर्ने ।
- माग र आवश्यकताका आधारमा छोटो अवधिका तालिम सञ्चालन गर्ने ।

रणनीति

- प्रविधिमैत्री जनशक्ति तयार गर्ने ।
- प्राविधिक विद्यालय स्थापना गर्ने ।
- स्थानीय पाठ्यक्रम निर्माण गर्ने
- अभिभावक, शिक्षक विद्यार्थी र विद्यालयलाई प्रविधिमैत्री बनाउने ।

कार्यनीति

- औपचारिक शिक्षाको मूलधारभन्दा बाहिर रेहका बालबालिकालाई सामुदायिक अध्ययन केन्द्र एवं शैक्षिक निकायले सञ्चालन गर्ने वैकल्पिक शिक्षाको माध्यमबाट शिक्षाको मूलधारमा ल्याइनेछ ।
- शिक्षकहरूको क्षमता अभिवृद्धि गरी स्थानीय रूपमा बोलिने भाषाहरूलाई व्यवहारिक रूपमा अन्तरसंवादको रूपमा अगाडि बढाइनेछ ।
- औपचारिक शिक्षाबाट बञ्चित भएका नागरिकहरूलाई पेशा तथा प्रविधिसँग मेलखाने सीपहरू प्रदान गरी आयआर्जन क्रियाकलापमा आवद्ध गरिनेछ ।
- सबै उमेर एवं योग्यताका नागरिकहरूलाई समय अनुकूलको शिक्षामा अद्यावधि गराई जेष्ठ नागरिक, आमा समूह, बालिका शिक्षा, किशोरी शिक्षा, प्रबिधियुक्त शिक्षा, व्यावहारिक शिक्षाको व्यवस्था गरिनेछ ।
- विज्ञान र प्रविधिले ल्याएका खोज अनुसन्धान, विपन्न र परम्परावादी सोचलाई वर्तमान सन्दर्भमा विज्ञानसँग जोड्दै पुर्खाले दिएको ज्ञानलाई व्यावहारिक बनाइनेछ ।

परिच्छेद ५ सुशासन तथा व्यवस्थापन

५.१ संस्थागत क्षमता विकासः

स्थानीय तह र विद्यालयमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि हुनु जरुरी हुन्छ । त्यसको लागि सेवाकालिन तालिम, पुर्नताजगि तालिमको आवश्यकता पर्छ । साथै अन्तर विद्यालय तथा अन्तर तहको अन्तरक्रिया जस्ता कार्यक्रमहरुबाट कार्यरत जनशक्तिको कार्यक्षमताको विकास गर्न सकिन्छ ।

५.१.२ वर्तमान अवस्थाः

यस नगरपालिकामा सामुदायिक ६२ र संस्थागत ४ गरी कुल ६६ विद्यालय रहेका छन भने २ वटा सामुदायिक सिकाइ केन्द्र समेत रहेका छन । आधारभूत तह (१–५) मा १७९ दरवन्दी र ४५ गरी जम्मा २२४ शिक्षक दरवन्दी रहेको छ । त्यसैगरी आधारभूत तह (६–८) मा २६ दरवन्दी र २८ राहत सहित जम्मा ५४ साथै माध्यमिक तह (९–१०) मा २७ दरवन्दी र १० राहत गरी जम्मा ३७ दरवन्दी कायम रहेका छ भने माध्यमिक तह (११–१२) मा १० दरवन्दी कायम भई कुल जम्मा ३२५ दरवन्दी रहेको छ । यस नगरपालिकामा विश्वविद्यालय तथा क्याम्पसहरु सञ्चालनमा रहेका छैनन ।

देशमा संघीयता कार्यान्वयन संगै तीन तहको राज्य संरचना भइसकेपछि आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल सूचीमा समावेश भई सोको कार्यान्वयन गर्न नगरपालिकामा १ जना उपसचिव, १ जना शिक्षा अधिकृत र १ जना प्राविधिक सहायक रहने गरी दरवन्दी स्वीकृत भएको पाइन्छ । यस नगरपालिकामा भने शाखा अधिकृत र प्राविधिक सहायक गरी २ जना कर्मचारी हाल कार्यरत रहेको अवस्था छ । काम र जिम्मेवारी अनुसार दरवन्दी संख्या पदपूर्ती हुनु पर्ने र अपुग रहेको पाईन्छ ।

५.१.३ उद्देश्यः

१. जनशक्तिको क्षमता अभिवृद्धि गर्नु,

२.विद्यालय सुपरीवेक्षण तथा पेशागत सहयोग प्रदान गर्नु ।

५.१.४ रणनीति

१) शिक्षा शाखा तथा विद्यालयमा कार्यरत जनशक्तिलाई सेवाकालिन तथा पुर्नताजकी तालिम सञ्चालन गर्ने।

२) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको छोटो अवधिको अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने।

३) विद्यालय सुपरीवेक्षणको लागि शाखामा कार्यरत जनशक्ति तथा शिक्षकहरुबाट रोष्टर बनाई उनीहरुलाई सुपरीवेक्षण सम्बन्धी तालिम दिई विद्यालय सुपरीवेक्षणमा खटाउने।

५.१.४ कार्यनीति

१) शाखामा कार्यरत जनशक्तिको क्षमता विकासको लागि विज्ञहरु मार्फmत सेवाकालिन तथा पुर्नताजगी तालिम सञ्चालन गरिनेछ।

२) विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको छोटो अवधिको अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

३)विद्यालयमा कार्यरत शिक्षकहरुको क्षमता अभिवृद्धिको लागि विज्ञ समुहद्धारा विषयगत तालिम सञ्चालन गरिनेछ।

४) अनुगमन, सुपरीवेक्षण, शिक्षक सहयोग कार्यक्रमको लागि सम्बन्धित व्यक्तिहरुलाई तालिम दिई विद्यालयमा खटाइने छ।

५) शिक्षक र प्र.अ तथा प्र.अ र स्थानीय तह बिच करार सम्झौता गरि शिक्षकलाई नतिजा प्रति जिम्मेवार बनाइने छ।

५.१.५ मुख्य उपलब्धी

- शिक्षा शाखामा कार्यरत कर्मचारीहरुले सेवाकालिन तथा पुर्नताजकी तालिम प्राप्त गरी क्षमता अभिवृद्धि भएको हुनेछ।

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रवन्ध

५.२ परिचय

शिक्षा योजनाको कार्यान्वयनको लागि नगरपालिकाले वार्षिक कार्ययोजना निर्माणको प्रबन्ध जरुरी छ।

५.२.१ कार्य योजना

वार्षिक रुपमा नगर सभाबाट बजेट ब्यबस्थापन गरि अगामी दश वर्ष भित्रमा क्रमश कार्यन्वयनमा आउने छ।

५.३ अनुगमन तथा मूल्याङ्कन

भूमिकास्थान नगरपालिकाको नगर शिक्षा योजनाको समग्र स्थितिको वार्षिक तथा आवधिक मूल्याङकन गर्ने कार्य नगरपालिकाले गर्ने छ। नगरपालिकाले पालिकामा मौजुदा जनशक्ति र आवश्यक परेको अवस्थामा विषय विज्ञ शिक्षकहरुबाट रोष्टर तयार गरी शिक्षा योजनाको कार्यान्वयन स्थितिको मूल्याङ्कन गर्ने छ। योजनाको अनुगमन गर्ने प्रमुख दायित्व नगरपालिकालाई हुनेछ।

परिच्छेद ६ लगानी र स्रोत व्यवस्थापन


६.१ स्रोतको अनुमान र विश्लेषण

६.२ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

उपक्षेत्र	आर्थिक वर्षगत रुपमा बजेट अनुगमन					५ वर्षको जम्मा	१० वर्षको जम्मा
	२०७८।०७९	२०७९।०८०	२०८०।०८१	२०८१।०८२	२०८२।०८३		
बालविकास र शिक्षा	८३५५०००	१५०५०००	१५०५०००	१५०५०००	१५०५०००	१४३७५००	२८७५००००
आधारभुत शिक्षा	४३०००००	१०००००	१०००००	१०००००	१०००००	४७००००००	९४०००००
माध्यमिका शिक्षा	१२३०००००	१२३०००००	१२३०००००	१२३०००००	१२३०००००	६१५०००००	१२३०००००
अनौपचारिक शिक्षा र जीवन पर्यन्त सिकाइ	५०००००	५०००००	५०००००	५०००००	५०००००	२५०००००	५०००००

परिच्छेद ७ :प्रमुख कार्यसम्पादन सूचकहरु (सम्रग)

क्र.सं.	सूचक	राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक	आधार वर्ष २०७७	२०७९	२०८२	२०८७	अनुगमन हुने तह	कैफियत (सत्यापन साधन)
१. प्रारम्भिक बालविकास र शिक्षा								
१.१	प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%)	स्थानीय	५७.१४	६५.0	७५.0	९०	√	
		प्रदेश					√	
		राष्ट्रिय	८६.२	८९.५	९४.०	९९.०	√	
१.२	प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%)	स्थानीय	९५	९५	९९	१००	√	
		प्रदेश					√	
		राष्ट्रिय	६८.६	७३.०	८५.०	९५.०	√	



ढिकुरा र धनचौरको सीमानामा रहेको भूमिकास्थान नगरपालिकाको पर्यटकीय स्थल कामेश्वर (मृगस्थली) झरना

भूमिकास्थान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

नुवाकोट, अर्घाखाँची